**आकाशवाणी समाचार- नेपाली**
मितिः १५ मई २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- .पश्चिम बंगालका राज्यपाल आरएन रविले प्रधानमन्त्री नरेन्द्र मोदीको सन्देशलाई अगाडि बढाउँनु हुँदै आत्मनिर्भर भारत निर्माणमा सक्रिय रूपमा सहभागी हुन राज्यका जनतालाई अपील गर्नु भएको छ।

- पश्चिम बंगालमा राज्य सरकारले सबै सरकारी र सरकारी सहायता प्राप्त विद्यालयहरूमा बिहानको असेंबलीमा "वन्दे मातरम" गाउन अनिवार्य गरेको छ।

- राज्य सरकारले भारत–बङ्गलादेश सीमामा तारबार (काँडेतार) का लागि ४५ दिनभित्र जग्गा स्थानान्तरण गर्न निर्देशन दिइएको छ ।

- प्रवर्तन निर्देशनालय ईडीले कोलकाता पुलिसका उपायुक्त शान्तनु सिन्हा विश्वासलाई जबरजस्ती रकम असुलीको आरोपमा र मनी लान्ड्रिङ मुद्दाको सम्बन्धमा पक्राउ गरेको छ।

- विश्वव्यापी कच्चा तेलको मूल्यमा भएको वृद्धिपछि तेल कम्पनीहरूले पेट्रोल र डिजेलको मूल्य प्रति लिटर ३ रुपियाँले बढाएका छन्।

**राज्यपालद्वारा ईंधन बचतमाथि जोड**

पश्चिम बंगालका राज्यपाल आरएन रविले प्रधानमन्त्री नरेन्द्र मोदीको सन्देशलाई अगाडि बढाउँनु हुँदै आत्मनिर्भर भारत निर्माणमा सक्रिय रूपमा सहभागी हुन राज्यका जनतालाई अपील गर्नु भएको छ। सामाजिक सञ्जाल प्लेटफर्ममा पोस्ट गरिएको सन्देशमा राज्यपालले इन्धन बचत, जिम्मेवार खपत र जनसहभागिताको माध्यमबाट देशलाई आर्थिक रूपमा बलियो बनाउन आह्वान गर्नुभएको छ। राज्यपालले नागरिकहरूलाई इन्धन बचत गर्न, सार्वजनिक यातायात र कारपूलिङलाई बढावा दिन र 'वोकल फर लोकल' अभियान अन्तर्गत स्वदेशी उत्पादनहरूलाई प्राथमिकता दिन अपील गर्नुभएको छ। उहाँले आन्तरिक पर्यटन प्रवर्द्धनमा समेत जोड दिनु भएको छ।

आफ्नो संदेशमा उहाँले भन्नुभयो, स्रोतको जिम्मेवार प्रयोग, खाने तेलको सीमित खपत, अत्यावश्यक बाहेकको आयातमा कमी र सुन खरिदमा विवेकपूर्ण निर्णयले देशको आर्थिक आधारलाई थप बलियो बनाउन सक्नेछ। उहाँले प्राकृतिक खेतीलाई बढावा दिनुलाई आत्मनिर्भर भारतका लागि एक महत्त्वपूर्ण कदम बताउनु भएको छ। राज्यपालले आम नागरिकहरूलाई मात्र नभई विभिन्न संस्था र उद्योग संघहरूलाई पनि भर्चुअल बैठकहरू र 'वर्क फ्रम होम' व्यवस्थालाई सम्भव भएसम्म बढावा दिन अपिल गर्नुभएको छ ताकि राष्ट्रिय स्रोतहरू बचाउन सकियोस्। उहाँले भन्नुभयो, भारतको वास्तविक शक्ति 'जनभागीदारी' मा निहित छ र जब नागरिकहरू सेवाको भावनाका साथ एकताबद्ध भएर काम गर्छन्, तब मात्र राष्ट्र निर्माणको उद्देश्य सफल हुनेछ। राज्यपालले आत्मविश्वास र दृढताका साथ एक बलियो र स्थिर भारत निर्माणमा योगदान गर्न सबैलाई आह्वान गर्नुभएको छ।

**वन्दे मातरम**

पश्चिम बंगालमा स्कूल प्रार्थना सभाहरूको सम्बन्धमा एउटा प्रमुख प्रशासनिक फैसला आएको छ। राज्य सरकारले सबै सरकारी र सरकारी सहायता प्राप्त विद्यालयहरूमा बिहानको असेंबलीमा "वन्दे मातरम" गाउन अनिवार्य गरेको छ। स्कूल शिक्षा विभागले जारी गरेको आधिकारिक निर्देशमा यसलाई तत्काल प्रभावबाट कार्यान्वयन गर्न भनिएको छ। निर्देश अनुसार, कक्षा सुरु

हुनुभन्दा पहिले प्रार्थना सभाको सुरुमा सबै विद्यार्थीहरूले सामूहिक रूपमा 'वन्दे मातरम्' गाउनु अनिवार्य हुनेछ। स्कूल शिक्षा निदेशक द्वारा 13 मईमा जारी गरिएको पत्रमा भनिएको छ कि प्रार्थना सभा 'वन्दे मातरम्' को गायनबाट सुरु हुनुपर्छ, ताकि यसलाई राज्यका सबै स्कूलहरूमा समान रूपमा लागू गर्न सकियोस्।विभागीय अधिकारीहरूले विद्यालयहरूलाई सम्पूर्ण प्रक्रियाको रेकर्ड राख्न भनेका छन्, साथै आवश्यक परेमा भिडियो कागजातहरू पनि अनिवार्य गर्न सकिने संकेत गरेका छन्। उल्लेखनीय छ कि अहिलेसम्म रवीन्द्रनाथ टैगोरद्वारा रचित राष्ट्रिय गीत 'जन गण मन' मुख्यतया राज्यका विद्यालयहरूमा गाइँदै आएको छ। पूर्ववर्ती सरकारको कार्यकालमा, 1905 को बंग-भंग आन्दोलनसित सम्बन्धित टैगोर द्वारा रचित राज्य गीत ‘बांग्लार माटी , बांग्लार जल ' पनि प्रार्थना सभामा सामेल गरिएको थियो।अब, 'वन्दे मातरम्' लाई अनिवार्य गरेपछि, राज्यका विद्यालयहरूको प्रार्थना सभामा राष्ट्रिय गीत र राज्य गीतका साथै थप एक राष्ट्रिय प्रतीक जोड़ीएको छ।

**भारत-बांग्लादेश सीमा सुरक्षा बलियो गर्ने तैयारी,**

राज्य सरकारले भारत–बङ्गलादेश सीमाको सुरक्षा सुदृढ गर्न ठूलो कदम चालेको छ। सीमामा तारबार (काँडेतार) का लागि ४५ दिनभित्र जग्गा स्थानान्तरण गर्न निर्देशन दिइएको छ । यसपछि मालदा जिल्ला प्रशासनले 'वारफुट' मा काम सुरु गरेको छ । प्राप्त जानकारीका अनुसार मालदा जिल्लामा लगभग ३६ किलोमिटर लामो सीमा क्षेत्र अझै पनि तारबार लगाइएको छैन, जसका कारण घुसपैठ र तस्करीका घटनाहरू सार्वजनिक भइरहेका छन् । यो सम्पूर्ण क्षेत्रमा तारबार र सीमा सडक निर्माणका लागि लगभग २६० एकड जमिनको आवश्यकता छ ।

सोही विषयमा हिजो जिल्ला प्रशासन भवनमा उच्चस्तरीय बैठक बसेको थियो । जिल्ला मजिस्ट्रेट राजनवीर सिंह कपुरको अध्यक्षतामा भएको बैठकमा सीमा सुरक्षा बल (बीएसएफ) र भूमि विभागका वरिष्ठ अधिकारीहरू सहभागी थिए। साथै राज्यका उच्च अधिकारीहरु भिडियो कन्फ्रेन्समार्फत पनि जोडिएका थिए ।

जिल्ला मजिस्ट्रेट राजनवीर सिंह कपुरले जग्गा हस्तान्तरणसँग सम्बन्धित समस्याहरू पहिचान गरिएको र यो प्रक्रिया निर्धारित समय सीमाभित्र पूरा हुने अपेक्षा गरिएको बताएका छन् ।

**ईडी - कोलकाता डीसीपी**

प्रवर्तन निर्देशनालय ईडीले कोलकाता पुलिसका उपायुक्त शान्तनु सिन्हा विश्वासलाई जबरजस्ती रकम असुलीको आरोपमा र मनी लान्ड्रिङ मुद्दाको सम्बन्धमा पक्राउ गरेको छ। कोलकाताको सीजीओ कम्प्लेक्समा साढे दश घण्टाभन्दा बढी समयसम्म चलेको सोधपुछ सत्रपछि ईडीले हिजो शान्तनुलाई पक्राउ गरेको थियो। पुलिस अधिकारी शान्तनु सिन्हालाई आज अदालतमा पेश गरिने कार्यक्रम छ। सोना पप्पु उर्फ विश्वजित पोद्दारद्वारा सञ्चालित कथित आपराधिक सिन्डिकेटसँग जोडिएको मनी लान्ड्रिङ मुद्दाको सम्बन्धमा सोधपुछको लागि ईडीले कालीघाट पुलिस स्टेशनका पूर्व अधिकृत शान्तनुलाई बारम्बार बोलाएको थियो। यद्यपि, उनले बारम्बार ईडीको समनलाई बेवास्ता गरे, जसले गर्दा एजेन्सीले उनको विरुद्ध लुकआउट नोटिस जारी गर्यो। स्रोतका अनुसार ईडीले शान्तनु विश्वाससँग सम्बन्धित केही शंकास्पद वित्तीय लेनदेनहरू पत्ता लगाएको छ, जसमा सोना पप्पु र उनका नजिकका सहयोगीहरू संलग्न छन्। व्यवसायी जोय कामदारबाट बरामद गरिएका कागजातहरूमा शान्तनु विश्वासको नाम पनि देखा परेको छ।

**सिलगढ़ीको ‘महाकाल महातिर्थ’ परियोजनामाथि अनिश्चित**

मातिगाड़ा छेउमा अवस्थित खाली जमीनमा निर्माण हुन लागेको बहुचर्चित ‘महाकाल महातिर्थ’ परियोजनामाथि अब अनिश्चितताको कालो बादल छाएको छ। यसै वर्षको शुरूमा पूर्व मुख्यमन्त्री ममता ब्यानर्जीले यस परियोजनाको आधारशिला राख्नु भएको थियो। तर राज्यमा सत्ता परिवर्तन भएपछि अब यसको गति मन्द भएको छ।

***यो परियोजना लगभग 17.81 एकड़ जमीनमा विकसित हुने भएको थियो जसमा 108 फुट अग्लो काँस्य प्रतिमा र देशका 12 वटा ज्योतिर्लिङ्गहरूको प्रतिकृति बनाउने योजना थियो। यसलाई अढ़ाई वर्षभित्रमा पूरा गर्ने लक्ष्य राखिएको थियो ताकि सिलगढ़ीलाई एक प्रमुख पर्यटन केन्द्रको रूपमा विकसित गर्न सकियोस्। तर अब राजनीतिक परिस्थिति परिवर्तन भएको छ। यसबीच परियोजनाको लागि गठित ट्रष्ट बोर्डलाई पनि नयाँ अधिसूचनापछि भङ्ग गरिएको छ जसबाट प्रशासनिक स्तरमा पनि असमञ्जसको स्थिति उत्पन्न भएको छ। अधिकारीहरूको भनाइ छ, अब नयाँ सरकारको नीतिको प्रतीक्षा गर्नुपर्छ।***

***सिलगढ़ीका मेयर गौतम देवले पनि यस मुद्दामा अनिश्चितता व्यक्त गर्दै भन्नु भयो, नयाँ सरकारले यस परियोजनालाई लिएर के निर्णय लिन्छ, अहिले स्पष्ट भएको छैन। यता स्थानीय जनप्रतिनिधिहरूको मान्यता छ, यस किसिमको ठूलो परियोजनाले क्षेत्रको अर्थव्यवस्थालाई प्रोत्साहित गर्छ। मातिगड़ा-नक्सलबाड़ीका विधायक आनन्दमय बर्मन र सिलगढ़ीका विधायक शङ्कर घोषले पनि आशा व्यक्त गर्नु भयेक्लो छ कि परियोजनालाई अगाड़ि बढ़ाइनेछ। दार्जीलिङका सांसद राजू बिष्टले पनि मन्दिर निर्माणको पक्षमा मत राख्नु भए पनि उहाँले भन्नु भयो, कुनै पनि सरकारको लागि सोझै मन्दिर निर्माणको निम्ति फण्ड दिनु सम्भव छैन, त्यसैले वित्तीय श्रोत तय गर्नु आवश्यक छ।***

**पेट्रोल र डिजेलको मूल्य वृद्धि**

विश्वव्यापी कच्चा तेलको मूल्यमा भएको वृद्धिपछि तेल कम्पनीहरूले पेट्रोल र डिजेलको मूल्य प्रति लिटर ३ रुपियाँले बढाएका छन्। दिल्लीमा पेट्रोलको मूल्य अब प्रति लिटर ९७ रुपियाँ ७७ पैसा पुगेको छ, जबकि डिजेलको मूल्य प्रति लिटर ९० रुपियाँ ६७ पैसा पुगेको छ। मुम्बईमा पेट्रोल अब प्रति लिटर १०६ रुपियाँ ६८ रुपैयाँ र डिजेल प्रति लिटर ९३ रुपियाँ १४ पैसामा उपलब्ध हुनेछ। कोलकातामा, पेट्रोल प्रति लिटर १०८ रुपियाँ ७४ पैसा र डिजेल प्रति लिटर ९५ रुपियाँ १३ पैसामा उपलब्ध हुनेछ। चेन्नईमा, पेट्रोलको मूल्य प्रति लिटर १०३ रुपियाँ ७७ पैसा र डिजेलको मूल्य प्रति लिटर ९५ रुपियाँ ३५ पैसा निर्धारण गरिएको छ।

**मतदाता सूची सत्यापन**

पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारीको कार्यालयले राज्यभरिका जिल्ला निर्वाचन अधिकारीहरू र निर्वाचक पंजीकरण अधिकारीहरूलाई मतदाता सूचीहरूको व्यापक सत्यापन गर्न निर्देश दिएको छ। यस अभियान अन्तर्गत, आफ्नो बसोबास स्थान परिवर्तन गरेका, पंजीकृत ठेगानामा नबस्ने वा मृत्यु भइसकेका मतदाताहरूको पहिचान गरिनेछ।आज जारी गरिएको एक आधिकारिक बयानमा भनिएको छ कि सबै जिल्लाहरूमा मतदाता सूचीहरूको विस्तृत समीक्षा गरिनुपर्छ र भारतीय निर्वाचन आयोगको दिशा-निर्देश अनुसार अयोग्य नामहरू हटाउने प्रक्रिया सुरु गरिनुपर्छ।

****** ० ******